नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

निर्णय नं. ३

बिषयः २०७४ मंसिर मसान्तसम्म दर्ता भएका गुनासो फछ्र्यौट गर्ने सम्बन्धमा ।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा इन्जिनियरहरुबाट MIS मा पुनरावलोकन (Review) भई सूचना व्यवस्थापन शाखामार्फत प्राप्त भएका तथ्यांकहरुको आधारमा लाभग्राही/गैरलाभग्राही कायम गर्न सिफारिश भएका गुनासोकर्ताहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नुपर्ने भएको छ ।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संशोधन), २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिबाट १०,४०० गुनासोकर्ताहरुको निर्णयका लागि ऐ. कार्यविधिको दफा १२ (३क) बमोजिम सिफारिश भएको छ । कार्यकारी समितिबाट २०७४ साल मंसिर मसान्तसम्म गुनासो दर्ता गरेका गुनासोकर्ताहरु मध्ये हालसम्म कूल ३५,१६७ गुनासाको निर्णय भईसकेको जसमा ४११ पूर्ण लाभग्राही, १,८०१ प्रबलीकरण लाभग्राही, ३,६३६ जनाको स्थलगत निरीक्षण गर्ने, २८६ जनाको अर्को स्थानमा बस्नयोग्य घर भएको, ६५४ जना पहिले नै विभिन्न लाभग्राहीमा सूचीकृत भइसकेको।

माथि उल्लेख भए बमोजिम लाभग्राही तथा गैरलाभग्राही कायम गर्नु आवश्यक भएको र सो बिषय कार्यकारी समितिबाट स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

२०७४ साल मंसिर मसान्तसम्म गुनासो दर्ता गरेका गुनासोकर्ताहरुको तथ्यांकहरुको पुनरावलोकन (Review) प्राप्त तालिका-३ मा उल्लेखित २२ वटा जिल्लाका ३३१ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही, २,१८० गुनासोकर्तालाई सम्भाव्य लाभग्राही, १,४२६ जनालाई प्रबलीकरण लाभग्राही र ८४५ जनाको अर्को स्थानमा बस्नयोग्य घर भए नभएको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउने र सोको सहयोग र समन्वय गर्न जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) लाई निर्देशन दिने ।

निर्णय नं. ४

बिषयः प्रबलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गर्ने सम्बन्धमा ।

शुरु सर्भेक्षण तथा पुनःसर्भेक्षणको तथ्याङ्कको आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको निर्णयानुसार प्रबलीकरण लाभग्राहीमा परेका तर मर्मत/प्रबलीकरणबाट घर बस्नयोग्य नहुने भनी प्राविधिकबाट भएको प्रमाणित कागजात, वडा सर्जमिन मुचुल्का, वडास्तरीय गुनासो व्यवस्थापन समितिको बैठकको माइन्यूट, सम्बन्धित स्थानीय तहको सिफारिश भएको आधारमा

सचिव